# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३१३ | काठमाडौं | मंगलबार, ३० फागुन २०७९ | Prabhab National Daily | Tuesday, March 14, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## राष्ट्रपति पौडेलले सम्हाले पदभार



**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ लिएका छन् । कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीबाट उनले शपथ लिएका हुन् ।

राष्ट्रपति कार्यालयमा सोमबार आयोजित विशेष समारोहबीच २५ फागुनमा निर्वाचित राष्ट्रपति पौडेलले ईश्वरसँगै देश र जनताका नाममा शपथ ग्रहण गरे । लगत्तै उनले पदभार पनि ग्रहण गरे ।

त्यस अवसरमा नेपाली सेनाको टुकडीले राष्ट्रपति पौडेललाई २१ तोपको सलामी अर्पण गऱ्यो ।

राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नुअघि संघीय कानुनबमोजिम प्रधानन्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था संविधानमा छ । तर, हाल प्रधानन्यायाधीश नै छैन । त्यही भएर कायममुकाम प्रधानन्यायाधीश कार्कीले राष्ट्रपति पौडेललाई शपथ ग्रहण गराएका हुन् ।

पौडेलले बिहीबार भएको राष्ट्रपति निर्वाचनमा नेकपा एमालेका उम्मेदवार सुवासचन्द्र नेम्बाङलाई पराजित गरेका थिए । उनको कार्यकाल पाँच वर्षको हुनेछ ।

## कुर्सी हस्तान्तरणपछि भण्डारीलाई बिदाइ



**काठमाडौं (प्रस)–** निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको बिदाइ गरिएको छ । राष्ट्रपतिको कुर्सी नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गर्दै उनी शीतलनिवासबाट बाहिरिएकी हुन् । सो क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले भण्डारीलाई आँखीझ्याल उपहार दिए ।

निवर्तमान राष्ट्रपति भण्डारीलाई गाडीसम्मै पुगेर राष्ट्रपति पौडेल, प्रधानमन्त्री दाहाल, उपराष्ट्रपति नन्दबहादुर पुन, (**बाँकी पृष्ठ २ मा**)

# 'रूख'को छाया पर्ने आशंका

### संविधानतः राष्ट्रपति संविधानको संरक्षक हो, राष्ट्रप्रमुख हो तर कार्यकारी भने होइन

■ **जेबी योञ्जन**

**काठमाडौं–** नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेल अघिल्ला राष्ट्रपतिहरूजस्तै दलीय छायामा पर्नसक्ने चिन्ता प्रकट हुन थालेको छ । छ दशक लामो दलीय राजनीति गरेका र दलहरूबाटै राष्ट्रपतिमा निर्वाचित भएकाले यस्तो चिन्ता हुनु अस्वाभाविक पनि होइन ।

राजनीतिक जीवनको सुरुआती केही वर्ष कम्युनिस्टसँग नजिक भएका पौडेलले करिब छ दशकजति कांग्रेसबाटै राजनीति गरे । उनै पौडेल राष्ट्रपतिमा निर्वाचित भएर सोमबार पदभार ग्रहण गरेपछि कतै कांग्रेसको छाया त पर्ने होइन ? अन्य दलका नेताहरू झस्किएका हुन् ।

१० दलीय गठबन्धनको एउटा महत्त्वपूर्ण घटक नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक प्रकाश ज्वालाले प्रभावसँग भने ' प्राविधिकरूपमा कांग्रेसको वरिष्ठ नेताबाट मात्रै नभएर सदस्यबाट पनि राजीनामा दिएपछि उहाँ नेपाली कांग्रेसको होइन । तर, अहिलेको महत्त्वपूर्ण प्रश्न नै के हो भने उहाँ (राष्ट्रपति) कतै कांग्रेसको छायामा पर्ने त होइन ?'

यदि कांग्रेसको छत्रछायामा राष्ट्रपति पौडेल परे राष्ट्रपति संस्थाको गरिमा नजोगिने उनको भनाइ छ । ज्वाला मात्रै होइन, अन्य दलका नेताहरूको पनि आशंका यस्तै छ ।

तर, शीतलनिवासमा सोमबार कायममुकाम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीबाट उनले 'पक्षपात नगर्ने' भन्ने व्यहोरा पनि समेटिएको शपथ ग्रहण गरेका छन् । उसो त उनले आइतबार नै कांग्रेससँगको आबद्धता त्यागेका थिए । यस आधारमा उनी दलीय आबद्धताको हिसाबले त स्वतन्त्र छन् ।

राष्ट्रपति स्वतन्त्र नै भए पनि निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी भने नेकपा एमालेको 'प्रतिनिधि'जस्तो भएको भन्दै पटक-पटक



**सोमबार शीतलनिवासस्थित राष्ट्रपति भवनमा आयोजित शपथग्रहण समारोहमा कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीसमक्ष शपथ लिँदै नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेल । साथमा निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री पुष्पकमल दाहाल, राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालगायत ।** *तस्बिरः रासस*

> अहिलेको महत्त्वपूर्ण प्रश्न उहाँ (राष्ट्रपति) कतै कांग्रेसको छायामा पर्ने त होइन ?
>
> ● **प्रकाश ज्वाला**
> प्रमुख सचेतक, नेकपा एस

> कांग्रेसले भनेअनुसार होइन कि राष्ट्रपति पौडेल संविधान र कानुनअनुसार चल्नुपर्छ ।
>
> ● **रामहरि खतिवडा**
> सांसद, नेपाली कांग्रेस

आलोचित भइन् । विवादमा आइन् । विधेयक प्रमाणीकरण, अध्यादेश जारीदेखि प्रधानमन्त्री नियुक्तिलगायतमा भण्डारीले जे-जे गरिन्, त्यसलाई जोडेर उनको आलोचना भएको हो । उनलाई एमाले अध्यक्ष केपी शर्मा ओलीको 'रबरस्टाम्प' पनि भनेको सुनियो ।

यसरी भण्डारी मात्रै होइन, पहिलो राष्ट्रपति डा. रामवरण यादव पनि दलीय आस्था जुन दलसँग छ, उक्त दलसँगको झुकाव देखाएको भन्दै आलोचित भए ।

यादव ती राष्ट्रपति हुन्, जसले लामो समय राजनीति गरेको आफ्नो दल कांग्रेसको इसाराअनुसार तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् बैठकबाट प्रधानसेनापति रुकमांगद कटवाललाई बर्खास्त गर्न गरेको निर्णय उल्टाइदिएका थिए ।

यादव र भण्डारीले यसरी पूर्ववर्ती दलको इसारामा साझा पदमा बसेर पनि चालेका कदमले गर्दा राष्ट्रपति पौडेलले कतै त्यस्तै कदम त चाल्ने त होइन ? शंकाको दृष्टिले हेरिएको हो । कांग्रेस सांसद रामहरि खतिवडाले भने पौडेल कुनै दल विशेषको राष्ट्रपति नहुने दाबी गरे ।

'विगतमा राष्ट्रपतिहरू कुनै जात, धर्म, दल, क्षेत्र आदिका भए होलान् तर नवनिर्वाचित राष्ट्रपति (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

### इपिएससमार्फत कोरियामा रोजगारी

## मासिक २ हजार नेपाली कामदार लगिँदै

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** अब नेपालबाट रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत प्रतिमहिना दुई हजारका दरले नेपाली श्रमिक दक्षिण कोरिया जान पाउने भएका छन् । कोरियाले नेपालबाट इपिएससमार्फत वार्षिकरूपमा निश्चित कोटा निर्धारण गरी श्रमिक लैजाने गरेकोमा उक्त प्रणाली हटाउँदै मासिकरूपमा दुई हजार श्रमिक लैजाने भएको छ ।

कोरियाले गत फेब्रुअरीबाट यसअघि लागू कोटा प्रणाली हटाउँदै इपिएसअन्तर्गत हुने परीक्षा पद्धतिमा सुधार र छिटोछरितो तवरले श्रमिक पठाउने मुलुकबाट धेरै श्रमिक लैजाने नीति अवलम्बन गरेको छ । कोरियाले नेपाललगायत १६ वटा मुलुकबाट इपिएससमार्फत श्रमिक लैजाने गरेको छ । नेपालले इपिएस भाषा परीक्षा पद्धतिमा गरेको सुधार र छिटोछरितो तवरले श्रमिक पठाउन खेलेको भूमिकाको मूल्यांकन गर्दै कोरियाले थप श्रमिक लैजान प्रतिबद्धता खोजेको वैदेशिक रोजगार विभागको इपिएस कोरिया शाखाका निर्देशक पुष्पराज कटुवालले बताए ।

'वैदेशिक रोजगारीको आकर्षक गन्तव्य बनेको दक्षिण कोरियाले थप श्रमिक लैजान प्रतिबद्धता खोज्नु उपलब्धि नै हो,' निर्देशक कटुवालले भने, 'हामी मागअनुसारको श्रमिक उपलब्ध गराउन सक्षम छौं र कोरियालाई तयारीकासाथ पठाउन सक्छौं भन्ने प्रतिबद्धता जनाएका छौं ।' सोहीअनुसार भाषा परीक्षा उत्तीर्ण गरेका युवाहरूलाई कोरिया पठाउने रोस्टर तयार पारिएको उनले बताए । मासिक दुई हजारका दरले नेपाली श्रमिकलाई कोरिया पठाउन लागिएको उनले जानकारी दिए । 'इपिएस भाषा प्रणाली र श्रमिकको लगनशीलता तथा




> कोरियाले गत फेब्रुअरीबाट यसअघि लागू गरिएको कोटा प्रणाली हटाउँदै इपिएसअन्तर्गत हुने परीक्षा पद्धतिमा सुधार र छिटोछरितो तवरले श्रमिक पठाउने मुलुकबाट धेरै श्रमिक लैजाने नीति अवलम्बन गरेको छ

इमान्दारिताले नेपाली श्रमिकहरू कोरियाको रोजाइमा परेका छन्,' कटुवालले भने । उनका अनुसार कोरियाले गत फेब्रुअरीबाटै दुई हजार श्रमिक लैजान थालिसकेको छ भने मार्च महिनाका लागि पनि उत्तिकै संख्यामा रोस्टर तयार भइसकेको छ ।

कोरियाले १६ वटै मुलुकका लागि समान नीति अवलम्बन गर्दै श्रमिकको माग पूर्तिमा सबैंका लागि सबै कोटा अवधारणा सुरु गरेर नेपाललाई अवसर दिएको कटुवालले बताए । कोरियाले सबै मुलुकबाट वार्षिकरूपमा एक लाख १० हजार विदेशी श्रमिक लैजाने कोटा तय गरेको छ । 'यसबाट जतिसक्यो धेरै नेपालले लाभ लिनसक्छ,' कटुवालले भने, 'हाम्रो क्षमता र तयारीअनुसार यस वर्ष (२०२३ मा) २० देखि २५ हजारको हाराहारीमा नेपाली युवाले कोरियामा रोजगारी पाउने छन् ।'

यसअघि २०२२ मा नेपालबाट १५ हजार युवा कोरिया गएका थिए । अब कोरियाले भनेअनुसार प्रतिमहिना दुई हजारका दरले पठाउन सकेमात्रै पनि २४ हजार नेपाली रोजगारीका लागि कोरिया पुग्ने देखिन्छ । हाल रोस्टरमा रहेका उत्पादनमूलक क्षेत्रमा जाने श्रमिकलाई कोरिया पठाइसकेपछि थप श्रमिकका लागि भाषा परीक्षा सञ्चालन गर्ने इपिएस कोरिया शाखाले जनाएको छ । भाषा परीक्षा उत्तीर्ण गरेका एक हजार ६०० मध्ये एक हजार २०० युवा कोरिया जाने प्रतीक्षामा छन् । साथै, कृषि क्षेत्रमा जाने श्रमिकहरूको भाषा परीक्षा चलिरहेको शाखाले उल्लेख गरेको छ ।

## क्रोएसिया पठाइदिने भन्दै ठगी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक क्रोएसिया पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । विभिन्न व्यक्तिलाई क्रोएसिया पुगेपछि फर्निसिङ तथा फिस फार्ममा आकर्षक रोजगारी दिलाइदिने भन्दै ठगी गरेको भन्दै प्रहरीले मेघलाल तामाङलाई पक्राउ गरेको हो ।

क्रोएसियामा रोजगारी र मासिक एक लाख रूपैयाँभन्दा बढी आम्दानी हुने लोभ देखाएर प्रतिव्यक्ति सात लाख रूपैयाँ लाग्ने भन्दै दोमी शेर्पासहित तीन जनाबाट पटक-पटक गरी १५ लाख रूपैयाँ ठगी गरेको अभियोगमा तामाङलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । ललितपुरको गोदावरी बस्दै आएका काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-२ घर भएका ४६ वर्षीय मेघलाललाई सोमबार प्रहरीले पक्राउ गरेको हो ।

उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले मिनभवनबाट उनलाई पक्राउ गरेको जनाएको छ । रोजगारी र अकर्षक तलब हुने भनी प्रलोभनमा पारेर पीडितबाट रकम संकलन गरी सम्पर्कसमेत नगरी फरार रहेको अवस्थामा पक्राउ गरिएको प्रहरी उपरीक्षक सोमेन्द्र सिंह राठौरले बताए ।

## सँगै जेल बसेका साथीलाई शपथ ग्रहणमा बोलाएपछि...

■ **सिबी अधिकारी**

**काठमाडौं–** बागलुङका डिलप्रसाद सापकोटा (सापकोटा बाजे) आफूले सहयोग गरेको व्यक्ति राष्ट्रपतिजस्तो गरिमामय पद सम्हाल्न पुगेकामा हर्षविभोर छन् ।

'म असाध्यै खुसी छु उहाँ (राष्ट्रपति रामचन्द्र पौडेल) को राम्रो सेवा गर्न पाएकामा । जेलबाट निस्किएर सभामुख बन्नुभयो, पटक-पटक मन्त्री हुनुभयो तर विगतको दुःख कहिल्यै भुल्नुभएन । मलाई फोन गरिरहनुहुन्थ्यो, घरमा पनि पटक-पटक आउनुभयो,' सापकोटाले भने ।

> राष्ट्रपति पौडेलले आफूसँग जेल जीवन बिताएका व्यक्तिलाई सोमबार शपथ ग्रहण समारोहमा बोलाएका थिए । पञ्चायती शासन व्यवस्थामा जेल पर्दा आफूसँगै रहेका व्यक्तिलाई राष्ट्रपति भवन शीतलनिवासमा आयोजित शपथ ग्रहण समारोहमा अतिथिका रूपमा बोलाएका हुन् ।

राष्ट्रपति पौडेल तत्कालीन समय बागलुङ जेलमा बस्दा दूध पुऱ्याउने सापकोटालाई पनि शपथग्रहण समारोहमा बोलाइएको थियो । घरायसी कारणले शपथ समारोहमा आउन नपाएका सापकोटाले एक साताभित्रै राष्ट्रपतिलाई भेट्ने योजना रहेको सुनाए ।

राष्ट्रपति पौडेल वि.सं. २०४६ को जनआन्दोलनका क्रममा संगठन बनाउने क्रममा बागलुङ पुगेका थिए । संगठन गरेर फर्किने क्रममा पर्वतमा पुगेपछि पक्राउ परेका थिए । पक्राउपछि पौडेललाई बागलुङ जेलमा राखियो । त्यतिखेर बागलुङ काठेखोला गाउँपालिका-६ का सापकोटा गाउँमा दूध जम्मा गरेर सहरमा लगेर बिक्री गर्ने काम गर्थे । सोही क्रममा पौडेलसँग भेटघाट र चिनाजानी भएको थियो ।

सहयोग गरेको व्यक्ति राष्ट्रपति बने पनि सापकोटालाई व्यक्तिगत लाभका लागि कुनै अपेक्षा छैन । 'सिर्फ संस्थाको गरिमालाई कायम राखी जनताको विश्वास र भरोसालाई कायम राखेर पदीय जिम्मेवारी पूरा गरिदिए पुग्छ,' उनले भने ।

बागलुङ कांग्रेसमा आबद्ध ६३ वर्षीया सापकोटा अहिले पनि सामान्य खेती किसानी गर्छन् । उनले भने, 'पौडेल जेल बस्दा दुःख लगेर खुवाउँथे, गाउँबाट मकै भटमास भुटेर लैजान्थेँ, साथमा पत्रपत्रिका पनि किनेर लगिदिन्थेँ ।'

संघर्षपछिको सफलता नै सार्थक जीवनको खुसी हो । दुःख, संघर्ष र हैरानी दैनिकीसँग जोडिएका कुरा हुन् । पञ्चायतकालीन राजनीतिको रापले पौडेलको जीवनमा अनेकन मोड ल्यायो । तर, पनि आत्मविश्वास कहिल्यै खस्केन । आस्था र विश्वासको दियो निभेन । त्यसैले त सफलताको शिखर चुम्न सफल भए राष्ट्रपति बनेर । जेल जीवन जिउँदा पनि राष्ट्रपति पौडेलमा कुनै निराशा थिएन । मुहारमा कान्ति छाएकै हुन्थ्यो । 'हाम्रो आन्दोलन सफल हुन्छ, हामी सफल भएरै निस्कन्छौं भन्नुहुन्थ्यो,' पौडेललाई जेलमा भेट्दाको अनुभव सुनाउँदै सापकोटाले भने ।

बागलुङ काठेखोला-५ का रघुपति शर्माले राष्ट्रपति पौडेलसँगै जेल बसेका थिए । उनलाई पनि राष्ट्रपतिको शपथमा काठमाडौं बोलाइएको थियो तर कारणवश आउन पाएनन् । 'राष्ट्रपति पौडेलसँग जिल्ला प्रहरी कार्यालयको कारागार र बागलुङ कारागारमा गरी ९९ रातसँगै बसेको थिएँ । उहाँलाई नजिकबाट चिनेको छु, सबैलाई राम्रो व्यवहार गर्ने सरल र सादगी व्यक्तित्व हुनुहुन्थ्यो,' शर्माले भने ।

शर्माका अनुसार संघ संस्था ऐन, २०१७ अनुसार तत्कालीन समयमा पौडेलसहित संगठनमा सक्रिय १० जनालाई जेल पठाइएको थियो । पौडेल जेलमा रहँदा बिहान सबेरै उठ्ने, किताब लेख्नुका साथै देश, लोकतन्त्र र मानवअधिकारका विषयमा जेलमै कक्षा सञ्चालन गर्थे । उनले भने, 'पौडेल पढेलेखेको मान्छे हामीलाई जेलभित्रै कक्षा दिनुहुन्थ्यो, असाध्यै शालीन र सरल व्यक्ति हुनुहुन्थ्यो ।'

शर्माले राष्ट्रपति पौडेलको कार्यकालमा देशमा राजनीतिक स्थायित्व कायम भई जनताभित्र पलाएको निराशालाई आशामा बदलेर देशको स्वतन्त्र अभिभावक बन्ने विश्वास व्यक्त गरे । पौडेलसँगै (**बाँकी पृष्ठ २ मा**)

## रूखको छाया...

पृष्ठ १ बाट जारी

रामचन्द्र पौडेल यो देशको सबै नागरिकको राष्ट्रपति बन्नुहुन्छ,' उनले भने, 'कांग्रेसले भनेअनुसार होइन कि राष्ट्रपति पौडेल संविधान र कानुनअनुसार चल्नुपर्छ ।'

वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल राष्ट्रपति कुनै दल विशेषको इसारामा चल्न नहुने पक्षका हुन् । र, उनी कुनै दलप्रति उच्च बफादार नेतालाई राष्ट्रपति बनाउनुपर्ने भन्ने मान्यताका विरोधी पनि हुन् । होइन भने उनले नेकपा एमालेसमेत रहेको तत्कालीन सात दलीय गठबन्धन भत्काउने थिएनन् । जुन गठबन्धनको ठूलो दल एमाले अध्यक्ष केपी शर्मा ओलीले उनीप्रति पूर्ण बफादार नेताहरूलाई राष्ट्रपति बनाउने तयारी गरेपछि बिच्किएर प्रधानमन्त्री दाहालले कांग्रेससहितको नयाँ गठबन्धन बनाए । उनै दाहालले गठबन्धन बनाएका कारण पौडेल राष्ट्रपति भएका हुन् ।

जसले गर्दा पौडेल कांग्रेसभन्दा पनि संवैधानिक सीमामा टेकेर देश र जनताको अभिभावक र राष्ट्रिय एकताको प्रतीकको रूपमा देखिने पनि कतिपयको विश्लेषण छ । यसबारे प्रस्टिन भने पौडेलको कार्यकाल हेर्नैपर्छ ।

तर, बिहीबार राष्ट्रपति पदमा आफैंलाई मतदान गरेपछि पत्रकारहरूसँग उनले राष्ट्राध्यक्षको रूपमा संवैधानिक सीमा रहेर संविधानको रक्षा र राष्ट्रिय एकताको कायम गर्ने बताएका थिए । उनले संविधान निर्माणमा आफू पनि संलग्न भएका कारण संविधानको अक्षर र भावनाअनुसार राष्ट्रपतिको पदीय गरिमालाई जोगाउने प्रतिज्ञा पनि गरेका थिए ।

पौडेलको भनाइ र गराइमा कति फरक हुन्छ ? देखिँदै जानेछ ।

संविधानतः राष्ट्रपति संविधानको संरक्षक हो । राष्ट्रप्रमुख हो तर, कार्यकारी भने होइन । निवर्तमान राष्ट्रपति भण्डारीले भने कार्यकारी भूमिकाको पनि अभ्यास गर्न खोजेको भनेर टिप्पणी भएको थियो ।

## सँगै जेल बसेका...

पृष्ठ १ बाट जारी

जेल पर्दा शर्मा तत्कालीन समयमा नेपाल विद्यार्थी संघ बागलुङका सचिव थिए ।

शपथ समारोहमा बोलाइएका गोविन्द कँडेल पौडेलसँगै जेलमा बसेका थिए । जेल जीवन बिताउँदाको साथी राष्ट्रपति बनेपछि शीतलनिवास पुगेर बधाई दिएर खुसी साटे । लामो राजनीतिक जीवन संघर्षमा सादगी र सरल राजनीतिज्ञको छवि बनाएका पौडेल मुलुकको तेस्रो राष्ट्रपति बनेका हुन् । राष्ट्रपति पौडेलले आफूसँग जेल जीवन बिताएका व्यक्तिलाई सोमबार शपथ ग्रहण समारोहमा बोलाएका थिए । पञ्चायती शासन व्यवस्थामा जेल पर्दा आफूसँगै रहेका व्यक्तिलाई राष्ट्रपति भवन शीतलनिवासमा आयोजित शपथ ग्रहण समारोहमा अतिथिका रूपमा बोलाएका हुन् । इन्दु शर्मा, गोविन्द कँडेल, रघुपति शर्मालाई शपथ ग्रहणमा आमन्त्रण गरिएको थियो ।

राष्ट्रपति पौडेलले सोमबार शीतलनिवासमा पद तथा गोपनीयताको शपथ ग्रहण गरेका हुन् । पौडेल यही फागुन २५ गते राष्ट्रपति पदमा निर्वाचित भएका थिए । राष्ट्रपति पौडेलको जन्म आमा ऋषिमाया र बुवा दुर्गाप्रसाद पौडेलबाट २००१ असोज २९ गते तनहुँको साविक मिर्लुङ बाहुनपोखरामा भएको हो । उनकी श्रीमती सविता पौडेल र चार छोरी (शर्मिला, संज्ञा, अनुज्ञा, अवज्ञा), एक छोरा (चिन्तन) छन् ।

भरतपुर कब्जा गर्ने कांग्रेसको तत्कालीन सशस्त्र संघर्षमा संलग्न भएको आरोपमा वि.सं. २०१८ मा काठमाडौंबाट गिरफ्तार भई पहिलोपटक करिब एक महिना हिरासत सजाय भोगेका पौडेलले विद्यार्थी आन्दोलनका क्रममा गिरफ्तार हुनुका साथै त्यसपछिका विभिन्न राजनीतिक आन्दोलनका क्रममा राजनीतिक जीवनमा २०१८ देखि २०६२ सम्म १४ वर्षभन्दा बढी जेल जीवन व्यतीत गरेका थिए ।

मध्यमवर्गीय किसान परिवारमा जन्मिएका पौडेलको स्थायी बसोबास व्यास-८ बेलथुम्की तनहुँ हो भने हालको ठेगाना काठमाडौं-१६ बोहोराटार बालाजु हो । उनले शास्त्री (संस्कृत साहित्य, २०२४), स्नातकोत्तर (नेपाली साहित्य २०२७) सम्म अध्ययन गरेका छन् । *रासस*

## कुर्सी...

पृष्ठ १ बाट जारी

राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीलगायतले बिदाइ गरे ।

उनी अब बालुवाटार स्थित छोरीको निवासमा हुने छिन् । काठमाडौंकै बूढानीलकण्ठ-२, भंगालस्थित निजी निवासमा पुनर्निर्माणको काम भइरहेकोले उनी तत्कालका लागि बालुवाटारमा बसेकी हुन् ।

भण्डारी पाँच वर्षे कार्यकालका लागि २९ फागुन २०७४ मा दोस्रोपटक राष्ट्रपति निर्वाचित भएकी थिइन् । त्यसअघि भने ११ कात्तिक २०७२ मा तत्कालीन रूपान्तरित संसद्बाट उनी राष्ट्रपति निर्वाचित भएकी थिइन् ।

गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति भएर उनी पहिलो महिला राष्ट्रप्रमुख बनिन् । जनताको छोरी राष्ट्रप्रमुख हुने सौभाग्य प्राप्त गरे पनि उनी पछिल्लो पाँच वर्षमा भने पटक-पटक विवादित भइन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYED EID AL OSAIMI GENERAL ARCHITECTURAL CONTRACTING EST

पुर्व स्वीकृति मिति २०७९/११/२९ LT. No. 282539 चलानी नं. ६०१९८००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 1 | 0 | 1900 | ६५,१९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1900 | ६५,१९५ | | | | | | | |

कम्पनी : KHALID RABAH AL HARBI SALOAN FOR MEN HAIRDRESSING

पुर्व स्वीकृति मिति २०७९/११/२९ LT. No. 282572 चलानी नं. ६०१९८००१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1300 | ४५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75 National Exports Manpower Consultant Pvt. Ltd.

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MABIA HOSPITALITY L.L.C.

पुर्व स्वीकृति मिति २०७९/०७/२२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२९ LT. No. 275031 चलानी नं. ६०१९०७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 0 | 800 | २८,५२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 69 | 0 | 1200 | ४२,७८५ | | | | | | | |
| 3 | Follow Up Clerk | 59 | 30 | 1200 | ४२,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**

**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JACK POTATO & HOT DOG RESTAURANT CO.

पुर्व स्वीकृति मिति : २०७९/११/२९ पुन विज्ञापन स्वीकृति मिति : २०७८/०८/२८ LT. No. 253590 चलानी नं.६०१७०४२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 18 | 150 | ६३,७९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 8 | 0 | 130 | ५५,२८५ | | | | | | | |
| 3 | Light Drivers | 5 | 0 | 140 | ५९,५४० | | | | | | | |
| 4 | Waiters | 6 | 0 | 135 | ५७,४१५ | | | | | | | |

कम्पनी : TOMEI GOLD & JEWELLERY MANUFACTURING SDN BHD

पुर्व स्वीकृति मिति : २०७९/११/२९ LT. No. 282389 चलानी नं.६०१९८०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TEK HOO ENTERPRISE SDN. BHD.

पुर्व स्वीकृति मिति : २०७९/११/२९ LT. No. 282387 चलानी नं.६०१९८०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ALLIED ENGINEERING CONSTRUCTION SDN.BHD.

पुर्व स्वीकृति मिति : २०७९/११/२९ LT. No. 282388 चलानी नं.६०१९८०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 170 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEMAS PRECIOUS METALS INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति : २०७९/११/२९ LT. No. 282390 चलानी नं.६०१९८०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-1-4465367, 4465368

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO..

पुर्व स्वीकृति मिति २०७९/११/१० पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२९ LT. No. 281599 चलानी नं. ६०१९७०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Worker | 4 | 0 | 1000 | ३५,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe And Boiler Insulation Labor | 9 | 0 | 1400 | ४९,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११८२/०७३/७४

**YUSHO GLOBAL PVT. LTD.**

Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMPIRE SECURITY SDN BHD

पुर्व स्वीकृति मिति २०७९/११/२९ LT. No.282557 चलानी नं.६०१९८००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 26 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga, Jawalakhel, Lalitpur, Tel: +977-015442013/14

Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MALAYSIA MARINE AND HEAVY ENGINEERING SDN BHD

पुर्व स्वीकृति मिति २०७९/११/२९ LT. No. 281539 चलानी नं. ६०१९७९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

WORLDWAYS MANPOWER INC (P.) LTD "A Step Ahead"

**Worldways Manpower Inc Pvt. Ltd.**

श्रम ईजाजत नं. ६१७/०६३/०६४

Mahadevsthan Marga Koteshwor -35 Kathmadnu, Tel: +977-1-4602386/4601865

Email.:info@worldwaysmanpower.com.np, Web Site : worldwaysmanpower.com.np


सुदूरपश्चिम प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात पूर्वाधार निर्देशनालय**

**पूर्वाधार विकास कार्यालय**

कञ्चनपुर

## बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे

**प्रथम पटक प्रकाशित मिति: २०७९/११/३०**

यस कार्यालयको मिति २०७९१०२४ गतेको विभिन्न ठेक्कामा e-bid मार्फत पेस बोलपत्र मूल्यांकन समितिबाट विभिन्न पक्षको मुल्यांकन गर्दा निम्न बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएकाले सार्वजनिक खरिद ऐनकको दफा २७ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबैका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक रु (VAT र P.S सहित) |
|---|---|---|---|---|
| १ | IDOKANCHANPUR/W/NCB/R/079-80-21 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 4&15 Kanchanpur . | Shreeyaj - Budhighatal JV, Bedkot -08, Kanchanpur | 1,43,77,400.43 |
| २ | IDOKANCHANPUR/W/NCB/R/079-80-22 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no.05 Kanchanpur. | Chand Group & suppliers Pvt.Ltd, Bhimdatt-06 Kanchanpur. | 1,32,89,623.68 |
| ३ | IDOKANCHANPUR/W/NCB/R/079-80-23 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 05&17 Kanchanpur . | Gopanjal Nirman sewa Pvt.Ltd., Mahendranagar. | 78,04,419.04 |
| ४ | IDOKANCHANPUR/W/NCB/R/079-80-24 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 11,12 &14 Kanchanpur | Gopanjal Nirman sewa Pvt.Ltd., Mahendranagar. | 77,68,315.81 |
| ५ | IDOKANCHANPUR/W/NCB/R/079-80-25 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 07 Kanchanpur | MD Group, Mahendranagar . | 1,45,27,347.81 |
| ६ | IDOKANCHANPUR/W/NCB/R/079-80-26 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 07 Kanchanpur | Dogada sakti Nirman sewa, Kanchanpur. | 49,27,303.26 |
| ७ | IDOKANCHANPUR/W/NCB/R/079-80-27 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 09 Kanchanpur | New Hunainath Nirman Sewa, Mahakali-02, Kanchanpur. | 1,08,18,198.77 |
| ८ | IDOKANCHANPUR/W/NCB/R/079-80-28 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 09 Kanchanpur | Khagraj & Amit Construction Bhimdatt mun.-15, Kanchanpur . | 87,20,548.08 |
| ९ | IDOKANCHANPUR/W/NCB/R/079-80-29 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 10 Kanchanpur | Gyan Construction , Bhimdatt-10, Kanchanpur. | 1,05,36,946.35 |
| १० | IDOKANCHANPUR/W/NCB/R/079-80-30 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 10 Kanchanpur | Gyan Construction , Bhimdatt-10, Kanchanpur. | 97,11,666.96 |
| ११ | IDOKANCHANPUR/W/NCB/R/079-80-31 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 3,6,5,11 &18 Kanchanpur | Padam Construction Bhimdatt -06, Kanchanpur. | 1,23,94022.10 |
| १२ | IDOKANCHANPUR/W/NCB/R/079-80-32 | Construction & upgrading of various roads of Bedkot municipality ward no. 2,3 & 08 Kanchanpur | Safal Nirman Sewa, Bhimdatt-06 Kanchanpur. | 63,28,284.37 |
| १३ | IDOKANCHANPUR/W/NCB/R/079-80-33 | Construction & upgrading of various roads of Bhimdatt municipality ward no. 19 Kanchanpur | Gopanjal Nirman sewa Pvt.Ltd., Mahendranagar. | 1,28,90029.05 |
| १४ | IDOKANCHANPUR/W/NCB/R/079-80-34 | Construction of Culverts Bhimdatt municipality ward no. 03 &15 Kanchanpur | Shreeyaj Budhigatal JV, Bedkot -08 Kanchanpur | 1,09,21420.72 |
| १५ | IDOKANCHANPUR/W/NCB/R/079-80-36 | Construction of Kalikhola Culvert Bhimdatt municipality ward no. 19 Kanchanpur | Srijana Nirman sewa, Bhimdatt -04,Kanchanpur. | 4,34,3092.61 |
| १६ | IDOKANCHANPUR/W/NCB/R/079-80-37 | Construction of Kalikhola Antaram Joshi ko Ghar najik Culvert Bhimdatt municipality ward no. 19 Kanchanpur | GM Construction, Amargadhi -05, Dadeldhura. | 1,63,81,481.00 |
| १७ | IDOKANCHANPUR/W/NCB/R/079-80-38 | Construction & upgrading of various roads of Punarbas municipality ward no. 1,3,8,9 &5 Kanchanpur | Sunanda Masteswori Nirman Sewa, Badimalika -08 Bajura. | 67,62,743.64 |

# तस्बिरमा नयाँ राष्ट्रपतिको स्वागत र निवर्तमानको बिदाइ













१) र २) नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेललाई सोमबार राष्ट्रपति भवन शीतलनिवासमा बधाई तथा शुभकामना दिँदै निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी ।

३) नवनिर्वाचित राष्ट्रपति पौडेलको पद तथा गोपनीयताको शपथपछि बिदाइ हुने क्रममा निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी ।

४) निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीलाई सोमबार राष्ट्रपति भवन शीतलनिवासमा उपहार प्रदान गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल ।

*तस्बिरहरू: रासस*

## प्रमिलाकुमारीले फिर्ता लिइन् उपराष्ट्रपति पदको उम्मेदवारी

**काठमाडौं (प्रस)**– जनता समाजवादी पार्टी (जसपा) नेपालकोतर्फबाट उपराष्ट्रपति पदमा उम्मेदवारी दिएकी सांसद प्रमिलाकुमारी यादवले आफ्नो उम्मेदवारी फिर्ता लिएको घोषणा गरेकी छन् । पार्टीको तर्फबाट उपराष्ट्रपति पदका लागि उम्मेदवार बनेका सांसद रामसहायप्रसाद यादवलाई समर्थन गर्दै उनले उम्मेदवारी फिर्ता लिएकी हुन् । सांसद यादवले प्रेस विज्ञप्तिमार्फत लामो संघर्ष र त्याग गरेका स्वच्छ छवि र उच्च विचारका रामसहायकलाई समर्थन गर्नाका साथै सहयोग गर्न पनि सबैलाई आग्रह गरेकी छन् ।

'अब उप्रान्त म उपराष्ट्रपति पदका लागि उम्मेदवार नरहेको हुँदा गठबन्धनका तर्फबाट उम्मेदवार रहनुभएका माननीय यादवलाई आफ्नो अमूल्य मत लिई विजयी गराउनहुन सम्पूर्ण माननीय सांसद एवं माननीय प्रदेशसभा सदस्यलाई अपिल गर्दछु' विज्ञप्तिमा भनिएको छ । यही फागुन २५ गते जसपाको कार्यकारिणी समितिको बैठकले संसदीय दलका नेता यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो ।


### बिमालेख हरायो

मिति २०७९/०९/१९ गते, चावहिलदेखि रत्नपार्क सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : अनुज्ञा ढुंगेल
विमालेख नं : ११००५१२५२
(लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल)लि
ठेगाना : रामेछाप, नेपाल
सम्पर्क नं : ९८५१०४७४१४

### रेगुलर मार्कसिट हराएको सूचना

मिति २०७९/०७/०३ गते तिनकुनेदेखि जडिबुटिसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको CTEVT अन्तर्गत T-S.L.C तहको रेगुलर मार्कसिट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : सफल पहाडी
ठेगाना: जडिबुटि, काठमाडौं
रजिस्ट्रेसन.नं.: JV-1371-74
सिम्बोल.नं.: 593-(CTEVT-T.S.L.C)
सम्पर्क: ९८६२४३५७७४

### मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MECOPLUS INDUSTRY SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/३० पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२९ LT. No. 273908 चलानी नं. ६०१८९५८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker ( Manufacturing) | 6 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

### साउदी/कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAKIM PHARMACEUTICAL INDUSTRIES CO. LTD

पूर्व स्वीकृति मिति : २०७९/११/२९ LT. No. 282448 चलानी नं. ६०१९७९६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PHARMASIST | 1 | 0 | 3250 | ११२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KINGDOM TECHNOLOGY GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०७९/११/२९ LT. No. 282447 चलानी नं. ६०१९७९६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Unique Occupation Worker (Labour) | 4 | 0 | 1000 | ३४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VEGETABLES DISTRIBUTION TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/२९ LT. No. 282449 चलानी नं. ६०१९७९६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labour | 2 | 0 | 1000 | ३४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MANAR MANPOWER SERVICES

पूर्व स्वीकृति मिति २०७९/११/१९ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२९ LT. No. 281862 चलानी नं. ६०१९७४६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 1 | 1100 | ३४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Secretary | 0 | 1 | 2100 | ७५,१२० | | | | | | | |

कम्पनी : HAPPY MY ORDER DELIVERY COMPANY

पूर्व स्वीकृति मिति २०७८/०८/१९ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२९ LT. No. 251629 चलानी नं. ६०१६९६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 100 | ४२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Vehicle Driver | 5 | 0 | 140 | ५९,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रामपुर, बाँके, लुम्बिनी प्रदेश

### कृषकसँग पालिका प्रमुख साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आह्वान गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति:२०७९।११।३०**

बैजनाथ गाउँपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्रगैर सरकारी संघ संस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षियरसालबसालीरुपमा कृषि र पशुमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्रगैरसरकारी क्षेत्रका व्यक्तिरसंस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति: २०७९/१२/१४) कार्यालय समय भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ । आशय पत्रको विस्तृत विवरण यस गाउँपालिकाको वेवसाइट www.baijanathmun.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । इच्छुक योग्यता पुगेका निजी क्षेत्रगैर सरकारी संघसंस्थाले तोकिएको ढाँचामा आशय पत्र निम्नानुसारको कागजात सहित पेश गर्नुपर्ने छ । म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन । आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्यांकन गरिनेछ ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु:**

१. आशयपत्र पेश सम्वन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगतको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर, प्रमाण पत्र,
५. साझेदारीको लागि आवश्यक कम्तिमा ३०% बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिवद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुवै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल),
१०.विगत वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण ।
११.प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।
१२.आशयपत्रमा साथ संलग्न हुनुपर्ने माथि उल्लेखित कागजातहरु संलग्न भई सवैभन्दा वढी साझेदार गर्ने निजी क्षेत्रगैरसरकारी संस्था लाई छनोट गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# नयाँ राष्ट्रपतिप्रतिको जनअपेक्षा

मुलुकले तेस्रो राष्ट्रपति बनेका रामचन्द्र पौडेलले आफ्नो कार्यभार सम्हालेका छन् । सोमबार पद तथा गोपनीयताको शपथ ग्रहण गरेपछि उनले कार्यभार सम्हालेका हुन् । गत बिहीबार उनी राष्ट्रपतिमा निर्वाचित भएका थिए । विगत छ दशकयता सक्रिय राजनीति गरेका पौडेल समकालीन पाका नेतामध्येमा पर्छन् । पञ्चायतविरोधी गतिविधिमा संलग्न हुँदै २०४८ सालदेखि उनी संसदीय राजनीतिमा क्रियाशील रहँदै आएका छन् । पार्टी र देशको प्रमुख कार्यकारी नेतृत्वमा पुग्न निरन्तर संघर्ष गरेका उनी त्यसमा असफल रहे । तर, राजनीतिक जीवनको उत्तरार्द्धमा मुलुकको राष्ट्रपतिजस्तो गरिमामय पद हासिल गर्न सफल भए । यसलाई उनको राजनीतिक जीवनको सुखद अन्त्य मान्न सकिन्छ ।

पौडेल संसदीय व्यवस्था, संविधान र लोकतन्त्रको पक्षमा निरन्तर उभिँदै आएका नेता हुन् । उनको त्यही अडानले गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति बन्ने बाटो खोलेको हो । पटक–पटक मन्त्रीदेखि सभामुखसम्मको जिम्मेवारी सम्हालिसकेका उनी अनुभवी र पाका नेता हुन् । समकालीन नेताहरूको तुलनामा उनी कम विवादित नेता पनि हुन् । उनमा अहिलेसम्म कुनै पनि प्रकारको गम्भीर दाग लागेको छैन । त्यसैले पनि उनी आठदलीय गठबन्धनको साझा उम्मेदवार बन्न सफल भएका हुन् ।

राष्ट्रपतिको उम्मेदवार बन्दै गर्दा र राष्ट्रपति निर्वाचित भएपछि पनि उनले राष्ट्रपति पदको गरिमा जोगाउने प्रतिबद्धता जनाएका छन् । उनले भनेका छन्, 'गणतन्त्र नेपालको राष्ट्राध्यक्ष कस्तो हुनुपर्छ भन्ने म देखाउँछु ।' पौडेलको यो भनाइको संकेत वर्तमान तथा पूर्वराष्ट्रपतिको विवादित भूमिकातर्फ हो । राष्ट्रपति पदमा रहेका व्यक्ति कुनै पार्टीप्रति झुकाव राख्न मिल्दैन, निष्पक्ष रहनुपर्छ । तर, त्यस्तो निष्पक्ष भूमिका वर्तमान र पूर्वराष्ट्रपतिबाट नपाएकै हो । त्यसैलाई उदाहरणको रूपमा लिएर पौडेलले म निष्पक्ष भूमिका खेल्छु भन्न खोजेको बुझ्न सकिन्छ । तर, उनको यो भनाइ व्यवहारमा साँच्चिकै देखिने हो कि होइन, त्यो भविष्यमा देखिने नै छ ।

नेपालको संविधानले राष्ट्रपतिलाई कार्यकारी भूमिका दिएको छैन । राष्ट्रपतिको प्रमुख भूमिका संविधानको रक्षा गर्नु हो । संविधानविपरीत सरकार अगाडि बढ्न खोजे रोक्ने काम राष्ट्रपतिको हुन्छ । तर, विगतमा आफू अनुकूल दलको सरकारले ल्याएका जुनसुकै विधेयकहरू आँखा चिम्लेर प्रमाणीकरण गरिदिँदा राष्ट्रपतिको भूमिकामाथि प्रश्न उठ्ने अवस्था आएको थियो । त्यसले राष्ट्रपति पदप्रतिको सम्मान र उक्त पदको ओझ नै घटाएको थियो । त्यसैले नवनिर्वाचित राष्ट्रपति पौडेलले त्यसलाई सच्याउँदै पुनः यो पदको गरिमा जोगाउन प्रमुख भूमिका खेल्नुपर्छ । मुलुक र जनतालाई अभिभावकीय भूमिकाको अनुभूति दिलाउन सक्नुपर्छ । यतिखेर जनताले मुलुकको सच्चा अभिभावक खोजिरहेको छ । त्यो अभाव पूर्ति गर्न केन्द्रित हुने आशा र शुभेक्षा छ नवनिर्वाचित राष्ट्रपतिसँग । साथै, जनतालाई निराश बनाउने काम नहुने अपेक्षा पनि ।

## मननयोग्य

### चाणक्य नीति

पिएनजीले दिएको ९६ रनको लक्ष्य नेपालले ७ ओभर ४ बलमा १ विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जितमा ओपनर कुशल भुर्तेलले ३३ रन बनाएर आउट भए । अर्का ओपनर आसिफ शेखले ५३ रन बनाए ।त्यसअघि पहिले ब्याटिङ गरेको पिएनजीले ३२ ओभरमा अलआउट हुदै ९५ रन बनाएको थियो । नेपालले पहिलो पटक एकदिवसीय अन्तराष्ट्रियमा पहिलो पटक ९ विकेटको जित हात पारेको हो । टस हारेर पहिले ब्याटिङ गरेको पिएनजीले नेपालको बलिङ सामु खुलेर ब्याटिङ गर्न सकेन ।

पिएनजीले ३२ ओभरमा अलआउट हुदै मात्रै ९५ रन बनाउन सक्यो । पिएनजीका लागि कप्तान असद भालाले सर्वाधिक २० रन बनाए । यस्तै सेसे बाउ १८ रनमा आउट हुँदा चाल्स अमिनिले १६ रन बनाए ।

हिरि हिरिले १८ रन बनाउँदा पिएनजीका अन्य ब्याटरले दोहोरो अंकमा रन नबाउन सकेनन् । नेपालका लागि पूर्व कप्तान सन्दीप लामिछानेले सानदार बलिङ गरे । उनले १० ओभर बलिङ गरेर २५ रन दिदै ५ विकेट लिए ।

यस्तै ललित नारायण राजवंशी र कुशल मल्लले समान २/२ तथा सोमपाल कामीले १ विकेट लिए । नेपालले यस सिरिजको आफ्नो पहिलो खेलमा पिएनजीलाई नै ५२ रनले पराजित गरेको थियो । विश्वकप लिग टूको शिर्ष ३ भित्र रहेर विश्वकप छनोटमा सिधै स्थान बनाउन नेपाललाई बाँकी रहेका दुई खेलमा शतप्रतिशत जितको नतिजा निकाल्नु पर्ने हुन्छ ।

जितसँगै नेपाल ३५ खेलबाट ३८ अंक जोड्दै चौथो स्थानमा रहेको छ । नेपालले अब लिग २ अन्तर्गत आफ्नो अन्तिम खेलमा यूएईसँग बिहीबार खेल्नेछ । यस खेल जितेको खण्डमा नेपालले सिधा जिम्बाबेमा हुने विश्वकप छनोटमा स्थान बनाउनेछ ।

### कीर्तिमान नजिक सन्दीप

सन्दीप लामिछाने ठुलो विश्व कीर्तिमान नजिक पुगेका छन् । सोमबार पपुवा न्युगिनी(पिएनजी) विरुद्ध पाँच विकेट लिएसँगै सन्दीपले एकदिवसीय अन्तराष्ट्रियमा सर्वाधिक छिटो एक सय विकेट पूरा गर्ने विश्व कीर्तिमान बनाउँदै छन् ।

एक सय विकेट पूरा गर्न सन्दीप २ विकेटले मात्र पछि रहेका छन् । उनले ४० एकदिवसीय अन्तराष्ट्रिय खेलमा ९८ विकेट लिएका छन् ।

एकदिवसीय अन्तराष्ट्रियमा सर्वाधिक कम खेलमा एक सय विकेट लिने कीर्तिमान अफगानिस्तानका राशिद खानको नाममा छ । खानले ४४ एकदिवसीय अन्तराष्ट्रिय खेलमा एक सय विकेट पूरा गरेका थिए ।

२०१८ मा खानले बनाएको उक्त कीर्तिमान तोड्न सन्दीपले अबका तीन खेलमा दुई विकेट लिनु पर्ने हुन्छ । पछिल्लो समयमा सन्दीपको उच्च लय हेर्दा त्यो कीर्तिमान तोडिने सम्भावना प्रचुर रहेको छ । खानपछि अष्ट्रेलियाका मिचेल स्टार्कले ५२ एकदिवसीय अन्तराष्ट्रिय खेलमा एक सय विकेट पूरा गरेका थिए ।

## धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०७९/११/३०**

यस सहकारी संस्थाबाट कर्जा लिनु भएका तपशिलमा उल्लेखित ऋणी सदस्यले कर्जाको साँवा ब्याज तथा ढिलो बुझाए बापत लाग्ने हर्जना नतिरि नुबझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जना चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत सो कर्जा तिर्न बुझाउन कुनै कदम नचाल्नु भएको तथा संस्थाको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस संस्थाले लेना सम्पूर्ण रकम बुझाउन आउनु हुन कर्जाको ऋणी तथा धन जमानी समेतलाई अनुरोध गरिएको छ । उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी नियमावली २०७५ को नियम ३० ले तोके बमोजिमको कार्यविधि अवलम्वन गरी सो कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराइन्छ । यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा ३६औं दिनका दिन तथा सो दिन बिदा परे बिदा पछिको कार्यालय खुलेकै दिन लिलाम डाक बढाबढबाट सो घर/जग्गा लिलाम गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाले लेना रकमको साँवा ब्याज र हर्जना संस्थालाई नबुझाए वा नखामे ऋणीको अन्य सम्पत्ति तथा ऋणीको एकाघरका परिवारका सदस्यहरुको नाममा रहेका चल अचल सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा सर्वसाधारण सबैलाई जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानी सो घर जग्गा लिलाम बढाबढबाट खरिद गरि लिन इच्छुक सर्वसाधारण/संस्थालाई समेत यो सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

**२०७९ फाल्गुण ३० सम्मको साँवा, ब्याज, अन्य शुल्क र विविध खर्च समेत जम्मा रकम रु.५१,५०,०००/-**

| ऋणीको तीनपुस्ते नाम तथा ठेगाना: | धन साक्षी दिनेको तीनपुस्ते नाम तथा ठेगाना | धितोको विवरण | ऋणीको फोटो | जमानीको फोटो |
|---|---|---|---|---|
| नाम: दिप कुमारी पौडेल घिमिरे<br>ठेगाना: झापा जिल्ला लखनपुर वडा नं. १ भई हाल म.थि.न.पा. -३, भक्तपुर<br>ससुरा : कृष्ण प्रसाद घिमिरे<br>श्रीमान : नारायण प्रसाद घिमिरे | नाम: नारायण प्रसाद घिमिरे<br>ठेगाना: म. थि. न. पा. - ३, भक्तपुर<br>बाबु: कृष्ण प्रसाद घिमिरे<br>बाजे: तुलाराम घिमिरे | जि. भक्तपुर सिपाडोल वडा नं ४ (क)<br>कि. नं. १०९० र १०९२<br>क्रमश : क्षे.फ. ०-३-३-१ र २-२-२-३ |  |  |

१) धितो लिलाम बढाबढमा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको १०% प्रतिशत हुने रकम धरौटी वापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ । तर सूचनामा उल्लेख गरिएका ऋणी अलग अलग कित्ता जग्गा पञ्चकृत मूल्य अलग अलग निर्धारण गरि लिलाम बिक्री गरिनेछ ।
२) लिलाम बढाबढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नुपर्नेछ । यदि नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
३) तोकिएको दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै सरकारी कार्यालय खुल्ने दिनमा लिलाम बढाबढ गरिनेछ ।
४) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ ।
५) लिलाम बिक्री हुने घर जग्गा एवं सो सम्बन्धी बिनियम कागजात हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयमा समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने माथी उल्लेखित घर जग्गा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफूमा लिन सक्नेछ ।
७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ । धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ ।
८) संस्थामा सुरक्षणमारहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।
९) लिलाम बढाबढ यस संस्थाको कार्यालयमा मिति २०८०/०१/०५ गतेको ११:०० बजेबाट अपरान्ह ४:०० बजेसम्म हुनेछ ।

**जगदम्बा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
बागमती प्रदेश, सूर्यविनायक चोक, भक्तपुर
फोन : ०१-६६१३७२८, ६६११४२०
E-mail: jagadambacooperative@gmail.com

# पाकिस्तानमा पोलियोविरुद्धको अभियान

**इस्लामावाद–** पाकिस्तानका कतिपय प्रान्तहरूमा पोलियोका बिरामीहरू देखिएपछि यसका विरुद्धमा अभियान सञ्चालन गरिएको छ ।

पाकिस्तानको सिन्ध प्रान्तमा धेरै बालबालिकामा यसको प्रकोप देखिएपछि यहाँको सरकारले सोमबारदेखि पोलियो खोप अभियान सञ्चालन गर्ने भएको छ । पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तका दुई करोडभन्दा बढी बालबालिकालाई यो खोप दिइने बताइएको छ । सोमबारबाट यो अभियान सुरु भएको र उनीहरूलाई घर घरैमा पुगेर यो पोलियो खोप दिइने बताइएको छ ।

सिन्धको प्रान्तीय सरकारले मार्च १३ (सोमबार) देखि यो अभियान सुरु गरिने र पाँच दिनसम्म सञ्चालन गरिने जानकारी दिएको छ । सिन्धको प्रान्तीय सरकारका स्वास्थ्य अधिकारीले यो पोलियो खोप दिने कार्यक्रम दुई चरणमा सञ्चालन गरिने र पहिलो चरणमा यहाँका कम्तीमा पनि एक करोड ७० लाख बालबालिकालाई दिइने बताइएको छ ।

त्यसपछि अर्को अर्थात् दोस्रो चरण आगामी अप्रिल ३ तारिखदेखि एक हप्तासम्म सञ्चालन गरिने पनि जनाइएको छ । सो दोस्रो चरणमा पाँच वर्ष मुनिका ४० लाख बालबालिकालाई दिइनेछ । यसरी दुवै चरणमा गरेर दुई करोडभन्दा बढी बालबालिकालाई सो खोप दिइने भएको अधिकारीहरूले जनाएका हुन् ।

यसअघि पनि यहाँको सरकारले पाकिस्तानको खैबर प्रान्तका बालबालिकालाई सो खोप दिएको थियो । पोलियाको प्रकोप देखिएका स्थानहरूमा सरकारले पोलियो खोप अभियान तत्कालै सञ्चालनमा ल्याएको छ । *रासस/सिन्ह्वा*

# चीनको शेनझोउ–१५ अन्तरिक्ष यात्री जुनमा फर्किने

**बेइजिङ–** चीनको शेनझोउ-१५ को चालक दल आगामी जुन महिनामा पृथ्वीमा फर्कने चिनियाँ मानवयुक्त अन्तरिक्ष एजेन्सी (सिएमएसए)ले जनाएको छ । अन्तरिक्ष केन्द्रको संयोजनले निरन्तर काम गरिरहेको र शेन्झोउ-१५ अन्तरिक्ष यात्रीहरू जुनमा फर्किने सिएमएसएले सोमबार जनाएको हो । सबै अन्तरिक्ष यात्रीहरू राम्रो अवस्थामा रहेको केन्द्रले बताएको छ ।

चीनले यस वर्ष अन्तरिक्ष स्टेसन अनुप्रयोग र विकासको लागि तीन अन्तरिक्ष अभियानहरू प्रक्षेपण गर्नेछ, जसमा कार्गो क्राफ्ट तियानझोउ-६ र चालक दलयुक्त अन्तरिक्षयान शेन्झोउ-१६ र शेन्झोउ-१७ समावेश छन् । तियानझोउ-६ लाई दक्षिणी प्रान्त हाइनानको वेनचाङ अन्तरिक्ष यान प्रक्षेपण स्थलमा लगिएको छ र मे महिनामा प्रक्षेपण गरिने बताइएको छ ।

दुई मानवयुक्त अभियानका लागि चालक दलका सदस्यहरू छानिएका छन् र अहिले प्रशिक्षण लिइरहेका छन् । शान्तिपूर्ण प्रयोग, समानता, पारस्परिक लाभ र साझा विकासको सिद्धान्तको पालना गर्दै चीन आफ्नो अन्तरिक्ष स्टेसनलाई वैज्ञानिक र प्राविधिक सहयोग र अन्तर्राष्ट्रिय समुदायका लागि आदानप्रदानका लागि खुला मञ्च बनाउन प्रतिबद्ध छ ।

सिएमएसए र बाह्य अन्तरिक्ष मामिलाका लागि संयुक्त राष्ट्रसंघीय कार्यालयद्वारा संयुक्तरूपमा छानिएका प्रयोगात्मक परियोजनाहरूको पहिलो ब्याच यस वर्ष अन्तरिक्ष स्टेसनमा सञ्चालन हुने कार्यक्रम छ ।

सिएमएसएका अनुसार चीनले आफ्नो मानवयुक्त चन्द्र अन्वेषणका लागि प्रमुख प्रविधिहरूमा सफलता हासिल गरेको छ र मानवयुक्त चन्द्र अन्वेषण योजनामा बहस पूरा गरेको छ । यसले यसै वर्ष चन्द्रमामा अवतरण परियोजनाका लागि अनुसन्धान र विकास कार्य सुरु गर्नेछ । *रासस/सिन्ह्वा*

# उत्तर कोरियाद्वारा २ वटा क्रुज क्षेप्यास्त्र परीक्षण

**सियोल–** संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले कोरियाली प्रायद्वीपमा सोमबारदेखि संयुक्त सैन्य अभ्यास गर्ने तयारी गरिरहेका समय उत्तर कोरियाले दुई वटा रणनीतिक क्षेप्यास्त्र परीक्षण गरेको छ । ती क्षेप्यास्त्र कोरियाली समुद्रको पूर्वी क्षेत्रमा खसेको बताइएको छ ।

अमेरिका र दक्षिण कोरियाले सोमबारदेखि सुरु गरेको सैन्य अभ्यास कोरियाली प्रायद्वीपमा गरिएको पाँच बर्षयताकै सबैभन्दा ठूलो अभ्यास भएको दक्षिण कोरियाली अधिकारीले जनाएका छन् । सोमबार बिहानै उत्तर कोरियाले दुई वटा क्रुज क्षेप्यास्त्र परीक्षण गरेको हो । उत्तर कोरियाली समाचार एजेन्सी केसिएनएले नेता किम जोङ उनले सत्रुहरूको युद्ध उन्मादलाई जवाफ दिन आदेश दिएलगत्तै क्षेप्यास्त्र परीक्षण गरिएको कोरियाली अधिकारीलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

यसैबीच, अमेरिका र दक्षिण कोरियाको १० दिने सैन्य अभ्यास पनि सोमबारदेखि नै सुरु भएको छ । अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासलाई उत्तर कोरियाले आफूमाथि लक्षित अभ्यासका रूपमा हेर्ने गरेको छ । *रासस/सिन्ह्वा*

# नोबेल पुरस्कार विजेता जापानी उपन्यासकार ओईको निधन

**टोकियो–** नोबेल पुरस्कार विजेता जापानी उपन्यासकार केन्जाबुरो ओईको निधन भएको छ । उनी ८८ वर्षका थिए ।

उनको नोबेल पुरस्कार प्राप्त गर्न सफल कृतिको प्रकाशक कोडानशाले उनको निधन भएको पुष्टि सोमबार गरेको हो । पारिवारिक स्रोतका अनुसार उनको निधन मार्च ३ को बिहान बुढ्यौली र सम्बन्धित समस्याका कारण भएको हो ।

उनको अन्त्येष्टि भइसकेको उनको पारिवारिक स्रोतले जनाएको छ । *रासस/सिन्ह्वा*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०५९/०३/१२ मा दर्ता भएको प्रा.लि.नं. १८९८९ को **देवकी पोलिमर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN ESSA BIN HAMAD AL OWAIDAN GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०७९/११/२९ | LT. No. 282595 | चलानी नं. ६०१९७९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 1000 | ३४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ देखि १२ गते (21-26th Mar. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने** : नि: शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1149/073/074

**दैलेख ओभरसिज प्रा.लि.**

बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२

ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INDUSTRIAL HIGH TECHNOLOGY SYSTEMS COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/२९ | LT. No.282598 | चलानी नं. ६०१९७९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Sheet Fixer Assit | 3 | 0 | 1200 | ४१,६३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Plastic Parts Mixture Maker | 1 | 0 | 1200 | ४१,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653, Mobile: 9801007279, 9801053933

Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWA HUMAN RESOURCE COMPANY

पूर्व स्वीकृति मिति २०७९/११/२९ | LT. No. 282601 | चलानी नं. ६०१९७९९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1000 | ३४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**

श्रम इजाजत नं. ७८८/०६५/०६६

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,

Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504

E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEAN CLUB FOR HOSPITALITY AND CLEANING

पूर्व स्वीकृति मिति २०७९/११/२९ | LT. No. 282551 | चलानी नं.६०१९७९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 0 | 1300 | ४६,५०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३५,७७० | | | | | | | |
| 3 | Representative | 1 | 0 | 2200 | ७८,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम इजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal

Phone No.: +977-1-4364494, 4352243

Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNO FAB TRADING & CONTRACTING CO. WLL

पूर्व स्वीकृति मिति: २०७९/०७/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२९ | LT. No. 275047 | चलानी नं. ६०१९०६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1900 | ६७,७३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1300 | ४६,३४५ | | | | | | | |
| 3 | Tile Maker | 3 | 0 | 1300 | ४६,३४५ | | | | | | | |

कम्पनी : TECHNO FAB TRADING & CONTRACTING CO. WLL

पूर्व स्वीकृति मिति : २०७९/०५/१० | पुन विज्ञापन स्वीकृति मिति २०७९/११/२९ | LT. No. 269924 | चलानी नं. :६०१८६१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 3 | 0 | 1300 | ४६,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1300 | ४६,३४५ | | | | | | | |
| 3 | Tile Maker | 3 | 0 | 1300 | ४६,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900

Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUI FONG INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/२९ | LT. No.282400 | चलानी नं. ६०१९७९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610

E-mail : alhaya.recruitment@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YASMEEN AL MUMAYAZ TRADIN EST

पूर्व स्वीकृति मिति २०७९/११/२९ | LT. No. 282570 | चलानी नं. ६०१९७९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectionary Maker | 4 | 0 | 1300 | ४५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAWZIA AL-HANAKI'S FARM

पूर्व स्वीकृति मिति २०७९/११/१५ | LT. No. 281737 | चलानी नं. ६०१९७८४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 2 | 0 | 1000 | ३४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**

श्रम ईजाजत नं. १५२४/०७४/७५

Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.

Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363

Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.



## युएईमा वैदेशिक रोजगारको अवसर

FREE RECRUITMENT

कम्पनी : SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०७८/०७/03 | पून : विज्ञापन स्वीकृति मिति : २०७९/११/२९ | LT. No.248988 | चलानी नं. ६०१६५६२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard (ASSD) | 88 | 20 | 2000 | ७०,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ४ गते (18th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**

श्रम ईजाजत नं. १४४/०५६/०५७

Maharajgunj, Chakrapath, Ktm, Phone No. 9815074212 /9861995725/9803701629/9813837209

Tel: 01-4016209/01-5910241, E-mail :info@dninepal.com,Website:www.dninepal.com



## युएई/बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGENT PALACE HOTEL LLC

पूर्व स्वीकृति मिति २०७८/०९/११ | पुन: विज्ञापन स्वीकृति मिति २०७९/११/२९ | LT. No. 254704 | चलानी नं.६०१७४९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 1 | 1200 | ४३,५८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 11 | 0 | 1200 | ४३,५८० | | | | | | | |
| 3 | Tailor | 2 | 0 | 1500 | ५४,४७५ | | | | | | | |
| 4 | Barman | 12 | 0 | 1500 | ५४,४७५ | | | | | | | |

कम्पनी : CHONG CHAN TING RESTAURANT WLL

पूर्व स्वीकृति मिति २०७९/03/31 | पुन: विज्ञापन स्वीकृति मिति २०७९/११/२९ | LT. No. 267389 | चलानी नं. ६०१८२४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 14 | 8 | 120 | ४२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ७ गते (21st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955

Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०४१०० | प्रति तोला - १०३६०० | प्रति तोला - १२५५ |

## उपप्रधानमन्त्री श्रेष्ठ र चिनियाँ वैदेशिक लगानी संस्थाका उपाध्यक्षबीच भेटवार्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठसँग र वैदेशिक लगानीका लागि चिनियाँ सरकारको छाता संस्था 'काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड' (सिसिपिआइटी) का उपाध्यक्ष झाङ शाओगाङले शिष्टाचार भेटवार्ता गरेका छन् ।

मन्त्रालयमा भएको भेटमा व्यापार तथा लगानी साझेदारीका विषयमा छलफल भएको उपप्रधानमन्त्रीको भनाइ छ । त्यस क्रममा उपाध्यक्ष झाङलाई नेपालमा स्वागत गर्दै र भ्रमण सफलताको शुभकामना दिँदै उपप्रधानमन्त्री श्रेष्ठले चीन नेपालको दोस्रो ठूलो अन्तर्राष्ट्रिय व्यापार साझेदार मुलुक रहेको र नेपालमा लगानीमैत्री वातावरण भएकाले चिनियाँ लगानीको सधैं स्वागत गरिने बताए ।

केरुङ र तातोपानी नाका व्यवस्थित बनाएर आयात तथा निर्यातलाई समेत सहज गर्नुपर्ने आवश्यकता उपप्रधानमन्त्री श्रेष्ठले औंल्याए । चीन नेपालको दोस्रो व्यापारिक साझेदार मुलुक रहेको र चीन-नेपालको व्यापार घाटा धेरै भएकाले त्यसलाई घटाउन आपसी समझदारीका आधारमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याए ।

उनले नेपालको एक चीन नीतिप्रतिको दृढता श्रेष्ठले दोहोर्‍याए । तेस्रो कार्यकालका लागि निर्वाचित चिनियाँ राष्ट्रपति सी जिनपिङ र नवनिर्वाचित प्रधानमन्त्री ली छ्याङलाई बधाई दिँदै कार्यकाल सफलताको शुभकामनासमेत व्यक्त गरेका थिए ।

त्यस क्रममा उपाध्यक्ष झाङले झन्डै चार वर्ष लामो कोभिड सङ्क्रमणले चीनको वैदेशिक लगानी तथा व्यापारमा असर परे पनि चीन अब कोभिडबाट खुल्ला भएकाले सहजता भएको बताए । कोभिडका कारण चीन र नेपालको बीच भ्रमण आदानप्रदान हुन नपाएको र त्यसबाट व्यापारमा समेत असर परेको बताए । नेपाल आफूहरूको पुरानो र नजिकको मित्र भएको र नेपालमा थप लगानीको निश्चितता गर्नु आफ्नो भ्रमणको उद्देश्य भएको उनले बताए ।

झाङले नेपालले ठूलो प्राविधियुक्त उद्योग-निर्माणको सोच बनाए त्यसमा चीनले खुलेर साथ दिने बताए । भेटवार्तामा चिनियाँ राजदूत छन सोङसहितको उपस्थिति थियो ।

## कृषक थप मारमा, घटयो रासायनिक मलको अनुदान

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले रासायनिक मलको खरिदमा कृषकलाई दिँदै आएको अनुदान घटाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको आजको बैठकले अनुदान घटाउने निर्णय गरेको हो ।

'रासायनिक मलमा यसअघि समग्रमा ७० दशमलव ८२ प्रतिशत बराबर अनुदान दिइरहेकोमा अब ५९ दशमलव ०४ प्रतिशत कायम गरिएको छ । यो दरलाई क्रमशः ५० प्रतिशतमा झारिनेछ,' कृषि मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सरकारले मलको अनुदान घटाएसँगै कृषकले यसअघि खरिद गर्दै आएको मूल्य पनि बढ्ने भएको छ । अनुदान कटौतीपछि आयात बिन्दुमा युरिया प्रतिकिलो रू २५, डिएपी प्रतिकिलो रू ५० र पोटास प्रतिकिलो रू ४० मा बिक्री वितरण हुनेछ । यसअघि आयात बिन्दुमा युरिया प्रतिकिलो रू १४, डिएपी प्रतिकिलो रू ४३ र पोटास प्रतिकिलो रू ३१ मा बिक्री वितरण भइरहेको थियो ।

साबिकभन्दा अब युरिया प्रतिकिलो रू ११, डिएपी प्रतिकिलो रू सात र पोटास प्रतिकिलो रू नौ महँगो पर्ने भएको छ । सरकारले यसअघि युरियामा ८० प्रतिशत, डिएपीमा ६० प्रतिशत र पोटासमा ५९ प्रतिशत अनुदान दिइरहेको थियो । तर अब युरियामा ६४ दशमलव ४९, डीएपीमा ५२ दशमलव ३८ र पोटासमा ४६ दशमलव ०९ प्रतिशत मात्रै अनुदान दिइनेछ ।

अर्थ मन्त्रालयले रासायनिक मलको अनुदान घटाउन भनेपछि यस्तो निर्णय गरिएको पनि कृषि मन्त्रालयले जनाएको छ । 'रासायनिक मलको बढ्दो माग, बढ्दो अन्तर्राष्ट्रिय मूल्य र तद्अनुरूप रासायनिक मलमा बढ्दो अनुदान रकमलाई ध्यानमा राख्दै अर्थ मन्त्रालयको पत्रअनुसार स्रोत सुनिश्चितता गर्दाको शर्तको रूपमा रासायनिक मलमा दिँइदै आएको अनुदानलाई लागतको ५० प्रतिशतमा सीमित राख्ने राय आएको छ,' कृषि मन्त्रालयको विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयका अनुसार नेपालका लागि वार्षिक पाँच लाख २० हजार मेट्रिक टन रासायनिक मल आवस्यक पर्छ । मलमा कृषकलाई अनुदान उपलब्ध गराउन चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा रू १५ अर्ब ६ लाख छुट्याइएको थियो । गत साउन २७ गते अर्थ मन्त्रालयबाट रू १६ अर्ब स्रोत सुनिश्चितता दिइएको थियो भने यही फागुन ८ गते रू सात अर्ब ५० करोडको स्रोत सहमति दिइएको थियो । यसरी चालु आर्थिक वर्षका लागि रासायनिक मल शीर्षकमा कुल रू ३८ अर्ब ५० करोड ६ लाख बजेट कायम भएको छ ।

हालसम्म कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट्र टेडिङ कर्पोरेसनबाट कूल तीन लाख ३१ हजार पाँच सय मेट्रिक टन रासायनिक मल खरिद भइसकेको मन्त्रालयले जनाएको छ । यसरी खरिद भएको मलमध्ये करिब दुई लाख ३७ हजार पाँच सय मेट्रिक टन मल आयात भइसकेको छ भने ९४ हजार मेट्रिक टन आयातका क्रममा रहेको छ । यसवर्ष धानबालीका लागि यसवर्ष ९० हजार मेट्रिक टन मल अपुग हुने पनि मन्त्रालयले जनाएको छ ।

## कर्पोरेट

### लुम्बिनी विकास बैंकको पोखरामा एटिएम सेवा विस्तार




**काठमाडौं (प्रस)–** लुम्बिनी विकास बैंक लिमिटेडले देशका विभिन्न ठाउँमा बैंकिङ सेवा पुर्‍याउने उद्देश्यले थप एक एटिएमको उद्घाटन गरेको छ । बैंकले हाल ८९ वटा शाखा, १ वटा एक्सटेन्सन काउण्टरमार्फत सेवा प्रदान गर्दै आएको छ। साथै बैंकले सेवा विस्तार गर्ने क्रममा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १० स्थित आफ्नो रामबजार शाखाबाट एटिएम सेवा सुरु गरी स्थानीय स्तरमा अझै सहज बैंकिङ सेवा पुर्‍याउन पहल गरेको छ । उक्त एटिएमको उद्घाटन, कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १५ का वडाअध्यक्ष तोरणबहादुर बानियाँले गरे । साथै उक्त कार्यक्रममा बैंकका सञ्चालक रामचन्द्र सिग्देल, पूर्वअध्यक्ष सुशिलराज पराजुली, पुर्व सञ्चालक बिलबहादुर गुरुङ, बैंकका सेयरधनीहरू, स्थानीय व्यवसायी एवं भद्र-भलादमी, निक्षेपकर्तालगायतको उल्लेखनीय उपस्थिति रहेको थियो । शाखा प्रबन्धक बालकृष्ण वनले सञ्चालन गरेको कार्यक्रममा बैंकका मुख्य प्रबन्धक दिपक खनालले बैंकको संक्षिप्त चिनारीसहित स्वागत मन्तब्य राखेका थिए ।

देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको आज थप एक नयाँ एटिएमको उद्घाटन भएसंगै बैंकको विभिन्न स्थानहरूमा गरी जम्मा १८ वटा एटिएममार्फत सेवा प्रदान गरिरहेको छ ।

### आयल निगमले किन्यो बिवाइडी इलेक्ट्रिक गाडी

**काठमाडौं (प्रस)–** बिवाइडी अटो इन्डस्ट्री कम्पनी लि. को नेपालका लागि आधिकारिक बिक्रेता साइमेक्स इन्क प्रालिले ३ युनिट अल न्यू इ-६ गाडी नेपाल आयल निगमलाई हस्तान्तरण गरेको छ । बिवाइडी इलेक्ट्रिक सवारी साधनहरूको अग्रणी कम्पनीको रूपमा रहेको छ र कम्पनीले विश्वभरि ३० लाख न्यू इनर्जीको बिक्री गरिसकेको छ ।

नेपाल आयल निगमको दिगोपना र वातावरणीय जिम्मेवारीको अनुरूप नै अल न्यू इ-६ को खरिद प्रक्रिया अगाडी बढेको हो । शून्य उत्सर्जन र कम संचालन खर्च रहेका भट सवारी साधनहरू धेरै नै प्रभावकारी र वातावरण मैत्री रहेका छन् ।

नेपाल आयल निगमका प्रोजेक्ट र आइटी डिपार्टमेन्टका डाइरेक्टर इन्जिनियर सूरज शाहले दिगोपनाको लागि प्रतिबद्धता अनुरूप इलेक्ट्रिक सवारी साधनहरूमा गरिएको लगानीमा हामीलाई गर्व लागेको बताउँदै इलेक्ट्रिक सवारी साधनहरू यातायातको भविष्य हुन आउने दिनहरूमा हाम्रा सवारी साधनहरूलाई इलेक्ट्रिकमा रूपान्तरित गर्ने अवसरहरूको खोजीमा रहेको समेत जनाए ।

त्यस्तै साइमेक्स इन्क प्रा. लि. का प्रबन्ध निर्देशक यमुना श्रेष्ठले बिवाइडीका गाडी आयलनिगमले खरिद गर्नु देशको पेट्रोलियम पदार्थ माथिको निर्भरता घटाउनुका साथै विद्युतीय सवारी साधनलाई प्रोत्साहिन दिनु हो भनेकी छिन् ।




यो गाडी नेपालमा सबैभन्दा लामो रेन्ज भएको गाडी भएको पनि उल्लेख गरिएको थियो । जसको सिंगल चार्जमा ५२२ कि.मि. सम्म यात्रा गर्न सकिने जनाइयो ।

### सिभिल लघुवित्तको साधारणसभा सम्पन्न

**काठमाडौं (प्रस)–** सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड (हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी) को एघारौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। सोमबार काठमाडौंमा आयोजना गरिएको सभामा वित्तीय संस्थाका अध्यक्ष सचिन जंग रायमाझीको अध्यक्षतामा सम्पन्न साधारण सभामा संस्थाका प्रमुख कार्यकारी अधिकृत विनोद आचार्यले स्वागत मन्तव्य राखेका थिए। एघारौं वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन, वित्तीय विवरणहरू तथा ११ प्रतिशत बोनस सेयर र ०.५८ प्रतिशत कर प्रयोजनका लागि




नगद लाभांश सहित जम्मा ११.५८ प्रतिशत लाभांश पारित गरेको छ ।

साथै, सभाले वित्तीय संस्थाको नाम हिमालयन लघुवित्त वित्तीय संस्था रहनेलगायतका सम्पूर्ण सामान्य र विशेष प्रस्तावहरू पारित गरेको छ। सभाका अध्यक्ष सचिन जंग रायमाझीले सम्पूर्ण सेयरधनी तथा आमन्त्रित महानुभावहरूप्रति आभार व्यक्त गर्दै साधारणसभा सफल बनाएकोमा धन्यवाद दिए । राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस वित्तीय संस्थाले हालसम्म ७५ शाखा कार्यालयहरू मार्फत ७४ हजार भन्दा बढि सदस्यहरूलाई लघुवित्तीय सेवा प्रदान गर्दै १ अर्ब ८ करोड बचत संकलन गरी ४ अर्ब २५ करोड भन्दा बढी लगानी गरेको छ ।

## रोकिएन नेप्सेमा पहिरो

■ प्रभाव संवाददाता

**काठमाडौं–** पुँजीबजारमा यो साता कारोबारको लगातार दोस्रो दिन पनि गिरावट देखिएको छ । आइतबार २६ दशमलव ८० अंकले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सोमबार २४ दशमलव ६८ अंकले घटेको हो । सोमबारको कारोबारपछि नेप्से परिसूचक एक हजार नौ सय ५१ दशमलव २१ विन्दुमा कायम भएको छ। दुई सय ५६ कम्पनीको ३३ लाख ६९ हजार एक सय ३६ कित्ता सेयर २६ हजार आठ सय ५० पटक खरिदबिक्री हुँदा रू एक अर्ब १६ करोड २५ लाख तीन हजार बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बिमा समूहको उपसूचक एक सय ६५ दशमलव ०१ अंकले घटेको छ । त्यस्तै, निर्जीवन बिमा समूहको उपसूचक ८२ दशमलव ७४ अंकले र लघुवित्त समूहको उपसूचक ६० दशमलव ८४ अंकले घटेको छ । बैंकिङ समूह २० दशमलव ३६, विकास बैंक समूह ३७ दशमलव २२, वित्त समूह १३ दशमलव ८९, होटल तथा पर्यटन समूह २५ दशमलव १० र जलविद्युत् समूह १६ दशमलव ३५ अंकले घटेको छ ।

त्यसैगरी, लगानी समूह शून्य दशमलव ६२, उत्पादन तथा प्रशोधन समूह ४४ दशमलव १२, व्यापार समूह ३० दशमलव ६१ र अन्य समूह १३ दशमलव ७४ अंकले घटेको नेप्सेले जनाएको छ । आज सबैभन्दा धेरै शुभम् पावर लिमिटेडको सेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै सात दशमलव ६२ अंकले घटेको छ ।

एनआइसी एसिया बैंक लिमिटेडको रू छ करोड २४ लाख ५६ हजार सात सय ४५ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा अरुण भ्याली हाइड्रोपावर लिमिटेडको एक लाख ६७ हजार पाँच सय ३९ कित्ता सेयर किनबेच भएको छ ।

## नियमित विद्युत् आपूर्ति गर्न माग

**वीरगञ्ज (प्रस)–** पर्सा-बारा औद्योगिक करिडोरका उद्योगमा नियमित सञ्चालन विद्युत् आपूर्ति गर्न उद्योगी व्यवसायीले आग्रह गरेका छन्। वीरगञ्ज उद्योग वाणिज्य सङ्घको ४७ औं साधारणसभामा सहभागी करिडोरका उद्योगीले नियमित सञ्चालन विद्युत् आपूर्ति नहुँदा उद्योग व्यवसायी धरासायी भएकामा चिन्ता व्यक्त गरेका हुन् ।

वीरगञ्जको नाका व्यापार तथा राजस्व दुवैका लागि महत्वपूर्ण भए पनि सरकारले उद्योगीको हितलाई ध्यान नदिएको गुनासो गर्दै नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठले विगत केही महिनादेखि भइरहेको अघोषित लोडसेडिङका कारण करिडोरका उद्योग झन् धेरै धरासायी बन्दै गएको बताए ।

बैंकको ऋण प्रवाह र ब्याजदर सम्बन्धमा उद्योगी व्यवसायीले सरकारको ध्यानाकर्षण गराउँदासमेत कुनै पहल नभएको गुनासो गर्दै उनले बैंकको ब्याजद बारे सरकारले पहल गर्नुपर्नेमा जोड दिए ।

बैंक ब्याजदरविरुद्ध ठटेर लाग्नुपर्नेमा जोड दिनुहुँदै उनले उद्योग र उद्योगीहरूको टाँट पल्टिने अवस्था आइसक्दा पनि बैंक गम्भीर नरहेको गुनासो गरे । 'कञ्चनजंगादेखि कञ्चनपुरसम्मका उद्योगीहरू हाल काठमाडौंमा बैंक ब्याजको विरोधमा सडकमा ओर्लिएको अवस्था छ', उनले भने, 'हामी सबै उद्योगी अहिलेको अवस्थामा मिलेर दबाब दिन आवश्यक रहेको छ, त्यसैले आउनुस् हातेमालो गर्दै नेतृत्व पङ्क्तिलाई आग्रह गरौं ।'

कार्यक्रममा सांसद अजय चौरसियाले उद्योगी व्यवसायीको साथ र समर्थनका कारण नै आफ्नो कुरा सरकारसमक्ष राख्न सक्ने पदमा पुगेकाले उद्योगी व्यवसायीको वास्तविक समस्या संसद्मा उठाउने प्रतिबद्धता व्यक्त गरे ।

विकास निर्माणदेखी कुनै पनि राम्रो हुन सक्ने कुरामा वीरगञ्जसँग हुँदै आएको विभेदको स्थितिलाई समाप्त पार्न सबै दलका सांसदसँग पहल गर्ने सांसद चौरसियाले व्यक्त गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ